# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।११।०१ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

श्री काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंका फाँट नम्बर २६ मा कार्यरत नायव सुब्बा भोलानाथ चालिसेले सवारी ज्यान मुद्दा सहज गराइ दिने भनी विभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस रकम माग गरि रहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिई गएको टोलीले निजलाई सेवाग्राहीसँग रु.५,००,०००।- ( पाँच लाख) घुस बापतको रकम लिइ सकेको अवस्थामा वन परिसर बबरमहल काठमाडौंबाट नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज नायव सुब्बा भोलानाथ चालिसेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.५,००,०००।- ( पाँच लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै नायव सुब्बा भोलानाथ चालिसेले अनुसन्धानको क्रममा बयान गर्दा उक्त बरामद भएको रु.५,००,०००।- काठमाडौं जिल्ला अदालतका माननीय न्यायाधीश श्री बाबुकाजी बानियाँको ईजलाशमा बिचाराधिन रहेको सवारी ज्यान मुद्दाका प्रतिवादीलाई सजाय कम गरी दिने भनी न्यायाधीश श्री बाबुकाजी बानियाँको सल्लाह र सहमतिमा लिएको भनी उल्लेख गरेको हुँदा माननीय न्यायाधीश श्री बाबुकाजी बानियाँको हकमा अनुसन्धान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४(क) को कानुनी प्रावधान बमोजिम अनुसन्धानका सिलसिलामा प्राप्त प्रमाण कागजातहरु सहित श्री न्याय परिषद्मा लेखि पठाईएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता